बैठक सङ्ख्या : ४३
मिति : २०८२।०२।२८ गते
समय : विहान ११:०० बजे
स्थान : पुथा उत्तरगङ्गा गाउँपालिकाको कार्यालय

आज मिति २०८२ साल जेष्ठ महिनाको २८ गते बुधबार विहान ११:०० बजे यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको ४३ औं बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

तपसिल :

| | |
|---|---|
| पुनीराज घर्ती | कार्यपालिका अध्यक्ष |
| नरपुरा बुढा पुन | उपाध्यक्ष |
| विरामान कामी | १ नं. वडा अध्यक्ष |
| जगत घर्ती | २ नं. वडा अध्यक्ष |
| बम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष |
| सुरबहादुर वि.क. | ४ नं. वडा अध्यक्ष |
| संखे सेन | ६ नं. वडा अध्यक्ष |
| चित्र बहादुर घर्ती | ७ नं. वडा अध्यक्ष |
| पूर्ण मल्ल शाही | ८ नं. वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| भरत बुढा | १० नं. वडा अध्यक्ष |
| कुमार सिंह | ११ नं. वडा अध्यक्ष |
| दिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| शिविसन श्रीपाली | १३ नं. वडा अध्यक्ष |

CamScanner

| | |
|---|---|
| द्रवेश बुढा | १४ नं. वडा अध्यक्ष |
| जानु छन्तेल | कार्यपालिका सदस्य |
| राकुमार सुनार | कार्यपालिका सदस्य |
| ख्वारी बुढा | कार्यपालिका सदस्य |
| भार्सी बुढा | कार्यपालिका सदस्य |
| ध्रुव वि.क. | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| हरि चन्द्र वि क | कम्प्युटर अपरेटर |
| हिक्मत पोर्तेल | कम्प्युटर अपरेटर |

**४३ औं गाउँ कार्यपालिका बैठकका एजेण्डाहरू :**

१. अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा ।
२. नीति तथा कार्यक्रम सम्बन्धमा ।
३. विद्यालय मर्जर तथा तह घटुवा सम्बन्धमा
४. २० औं गाउँ सभा सम्बन्धमा
५. विविध सम्बन्धमा

**निर्णयहरू :**

१. यस गाउँ कार्यपालिकाको ४२ औं कार्यपालिका बैठकमा भएका विद्यालयहरुलाई मर्जर तथा तह घटुवा गर्ने लगायत अन्य विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ४३ औं कार्यपालिका बैठक प्रारम्भ गरियो ।

२. आगामी आर्थिक वर्ष २०८२।०८३ मा प्रस्तुत हुने नीति तथा कार्यक्रमको लागि सुझाव संकलन गरियो ।

३. ४२ औं कार्यपालिका बैठकबाट मर्जर तथा तह घटुवामा गर्न प्रस्तापित विद्यालयहरुलाई आगामी कार्यपालिका बैठक सम्म समुदायमा छलफल गरि टुङ्गो लगाउने निर्णय गरियो ।

४. आगामी आर्थिक वर्ष २०८२।०८३ को २० औं गाउँसभा मिति २०८२ असार ९ गते गर्ने निर्णय गरियो ।

५. विविध सम्बन्धमा

५. विविध सम्बन्धमा

- राष्ट्रिय बाल अधिकार परिषदको मिति २०८२।०१।२८ चलानी नं. १७३० प्राप्त पत्रानुसार प्रत्येक स्थानीय तहलाई सडक बालबालिका मुक्त बनाउने तथा घोषणा गर्ने सम्वन्धमा यस पुथा उत्तरगङ्गा गाउँपालिकाको सबै वडाको प्रतिवेदन अनुसार सडक बालबालिका नभएको निर्णय गरियो ।
- जिल्ला समन्वय समिति रुकुम पूर्वबाट पुथा उत्तरगङ्गा गाउँपालिकामा प्राप्त भएको रु१२,४९,८५९ विविध शिर्षकमा आम्दानी बाड्ने निर्णय गरियो ।
- गाउँपालिकामा हुने अत्या हिम्सा, विकृती, विस्ङ्गती अन्त्य तथा राजश्व संकलन सहजता बनाउन नगर प्रहरी व्यवस्थापन कार्यविधि २०८२, निर्माण गरी लगतै ७ जना नगर प्रहरीको विज्ञापन खोल्ने निर्णय गरियो ।
- आगामी आर्थिक वर्ष २०८२।०८३ मा राजश्व संकलन, भुगोल र कार्यसम्पादनको आधारमा बजेत निर्माण गर्ने निर्णय गरियो ।
- यस गाउँपालिकाले राष्टपति रनिङ शिल्ड सञ्चालन र शिक्षक छनोट गर्दा भएको खर्च भुक्तानी गर्न शिर्षक नभएको हुदाँ तपसिल शिर्षक बाट रमान्तरण गरी शिर्षक वनाउने निर्णय गरियो ।

<u>तपसिल</u>

| रकमान्तर गर्ने शिर्षक | रकम | अब हुनु पर्ने शिर्षक | रकम |
|---|---|---|---|
| पालिका करार बालविकास शिक्षक सेवा शुल्क | रु ९ लाख | जिल्ला राष्ट्रपति रनिङ शिल्ड सञ्चालन | ४ लाख |
| | | करार शिक्षक छनोट | ५ लाख |